## नाट्टाद्वारा
## पर्यटक अपहरणको भर्त्सना

आज केहि छापा तथा अन्य विद्युतिय संचार माध्यमबाट प्रसारित पोखरामा विदा मनाउन आएका नौतनहवा (भारत) का दुईजना भारतीय पर्यटकहरुलाई भैरहवा बाटै पिछा गर्दै गोरखाको मनोकामना सम्म पुगेका ६ जना अपहरणकारीले उनिहरुलाई अपहरण गरि पोखरा ल्याई ५० लाख फिरौतिको मांग राखेको समाचारले नेपाल एशोसिएशन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) काठमाण्डौं तथा नाट्टा पश्चिमांचल क्षेत्रिय संघ (पोखरा) को गम्भिर ध्यानाकर्षण गरेको छ । विश्वकै पर्यटकीय मानचित्रमा गन्तव्यका रुपमा तेश्रो स्थानमा रहेको नेपालमा पर्यटकहरुको अपरहण गरि फिरौती मांग गर्ने अपराधमूलक चरित्रको हामी नेपालका तमाम पर्यटन व्यवसायीहरु घोर भर्त्सना गर्दछौं र उक्त घटनामा संलग्न अपहरणकारीहरुलाई नेपाल सरकारले कडा भन्दा कडा सजाय दिनु पर्ने मांग राख्दछौं । भारत सरकारले नेपाललाई भारतको विदा पर्यटन सूचीमा राखेको एक रात पनि नवित्दै यस्तो घटना घट्नुले सम्भाव्य भारतीय पर्यटकहरुबीच नकारात्मक सूचना प्रवाह हुने निश्चित छ । पर्यटकहरुलाई अतिथि देवो भवः का रुपमा लिने नेपालमा यस्ता जघन्य कुकृत्यहरु हुन नपाउन् भन्नेमा मुलुकको सुरक्षा निकायले विशेष ध्यान केन्द्रित गर्नु पर्ने नाट्टाको धारणा छ ।

डी.बी. लिम्बू
अध्यक्ष

पोम नारायण श्रेष्ठ
अध्यक्ष, नाट्टा पश्चिमांचल

..........................................................................................

महोदय,

कृपया उपरोक्त प्रेस सामाग्री तपाईको लोकप्रिय संचार माध्यम मार्फत प्रचार प्रसारका लागि अनुरोध गर्दछौं ।